दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः १/२०८२/०८३ मितिः २०८२/०४/१२

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | करार सेवाका कर्मचारीहरूको करार अवधि थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२ अनुमोदन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको सवारी साधन तथा इन्धन सुविधा वितरण कार्यविधि, २०८० मा पहिलो संशोधन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | गुनासो व्यवस्थापन इकाई गठन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि अनुमति सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | डिजिटल साक्षरता कक्षा सञ्चालनका लागि ज्यालादारीमा सहजकर्ता भर्ना सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | सार्वजनिक खरिद इकाई गठन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ९ | जलचर संरक्षण समूह दर्ता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| १० | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | (हस्ताक्षर) |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | (हस्ताक्षर) |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | (हस्ताक्षर) |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | (हस्ताक्षर) |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |

| | | | |
|---|---|---|---|
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः १/२०८२/०८३ मितिः २०८२/०४/१४

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | करार सेवाका कर्मचारीहरूको करार अवधि थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२ अनुमोदन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको सवारी साधन तथा इन्धन सुविधा वितरण कार्यविधि, २०८० मा पहिलो संशोधन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | गुनासो व्यवस्थापन इकाई गठन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि अनुमति सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | डिजिटल साक्षरता कक्षा सञ्चालनका लागि ज्यालादारीमा सहजकर्ता भर्ना सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | जलचर संरक्षण समूह दर्ता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ९ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. १/२०८२/०८३**

**बैठक बसेको मिति:** २०८२/०४/१४

**बैठक बसेको स्थान:** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८२/०४/१४ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८२ साल श्रावण १४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**

करार सेवामा रहेका कर्मचारीहरूको करार अवधि थप गर्ने सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: संघीय सशर्त कार्यक्रम तथा प्रदेश सशर्त कार्यक्रम अन्तर्गत करार सेवामा रहेका तथा दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट करार सेवामा लिइएका कर्मचारीहरूको करार सेवा अवधि थप गर्नु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: संघीय सशर्त कार्यक्रम, प्रदेश सशर्त कार्यक्रम तथा दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट करार सेवामा लिइएका तपसिल बमोजिमका कर्मचारीहरूको करार सेवाको अवधि थप गर्न आवश्यक भएकोले साविक बमोजिम कै सेवा सुविधामा रहने गरी २०८२ श्रावण १ गतेदेखि देहायबमोजिमको अवधिको लागि करार सम्झौता गर्ने।

**तपसिल**

(क) १ (एक) वर्ष (२०८३ साल असाढ मसान्त) सम्म करार सेवा सम्झौता गर्नुपर्ने संघीय तथा प्रदेश सशर्त तर्फका कर्मचारीहरू

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सन्तोष गिरी | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार कार्यक्रम | संघीय सशर्त |
| २. | श्री युवराज रिजाल | सूचना प्रविधि अधिकृत | प्रदेश सुशासन कार्यक्रम | ७५ प्रतिशत अनुदान |
| ३. | श्री श्रीषा आचार्य | कृषि अधिकृत | कृषि स्नातक कार्यक्रम | संघीय सशर्त |
| ४ | डा. शिशिर भट्टराई | पशु चिकित्सक | एक पालिका एक भेटेरिनरी कार्यक्रम | संघीय सशर्त |
| ४. | श्री योगमाया कंवर | ना.प्रा.स. (कृषि) | एक गाउँ एक प्राविधिक कार्यक्रम | ५० प्रतिशत अनुदान |
| ५. | श्री लता घिमिरे | ना.प्रा.स. (कृषि) | एक गाउँ एक प्राविधिक कार्यक्रम | ५० प्रतिशत अनुदान |
| ६. | श्री लोकमान चौधरी | ना.प्रा.स. (कृषि) | एक गाउँ एक प्राविधिक कार्यक्रम | ५० प्रतिशत अनुदान |
| ७. | श्री कालुराम चौधरी | एम.आई.एस. अपरेटर | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण | ६ महिनाको तलब |
| ८. | श्री सुनिता हमाल | फिल्ड सहायक | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण | स्थानीय तहले व्यहोर्ने |
| ९. | श्री कल्पना विष्ट | उद्यम विकास सहजकर्ता | लघु उद्यम विकास कार्यक्रम | संघीय सशर्त |
| १०. | श्री सन्तोष चौधरी | रोजगार सहायक | युवा स्वरोजगार कार्यक्रम | स्थानीय तहले व्यहोर्ने |
| ११ | श्री यमकला बुढाथोकी | अ.न.मी. | मातृ तथा नवशिशु कार्यक्रम | संघीय सशर्त |
| १२. | श्री देवाकुमारी के.सी. | सामाजिक परिचालक | गरिबसँग विशेश्वर कार्यक्रम | संघीय सशर्त |
| १३. | श्री नीरा चौधरी | मनोसामाजिक परामर्शकर्ता | सुरक्षित आप्रवासन कार्यक्रम | ५० प्रतिशत संघीय अनुदान |

(ख) ३ (तीन) महिना (२०८२ आश्विन मसान्तसम्म)को लागि करार सेवा सम्झौता गर्नुपर्ने दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोत तर्फका कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | डा. निश्चल न्यौपाने | मेडिकल अधिकृत | आठौं | दंगीशरण आधारभूत अस्पताल |
| २ | श्री प्रमोद आचार्य | कम्प्युटर अपरेटर | पाँचौ | गाउँ कार्यपालिकाको कार्यालय |

गाउँ कार्यपालिकाको
बैठक संख्या: १/२०८२/०८३
मिति २०८२/०४/१४ को
निर्णय प्रमाणित।

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री पुजा चौधरी | सि.बि.आर. सहजकर्ता | पाँचौ | गाउँ कार्यपालिकाको कार्यालय |
| ४ | श्री दिलमाया खत्री | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ५ | श्री नेत्रमाला वली | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ६ | श्री तोफा डाँगी | फार्मेसी सहायक | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ७ | श्री दुर्गाबहादुर खड्का | सव-ओभरसियर | चौथो | दंगीशरण वडा नं. ५ को कार्यालय |
| ८ | श्री पवित्रा के.सी. | खरिदार | चौथो | गाउँ कार्यपालिकाको कार्यालय |
| ९ | श्री जयबहादुर चौधरी | ल्याव असिष्टेन्ट | चौथो | हेकुली स्वास्थ्य चौकी |
| १० | श्री मोहन चौधरी | ल्याव असिष्टेन्ट | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| ११ | श्री राजेन्द्र चौधरी | अ.हे.व. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १२ | श्री प्रतिक्षा पुन | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| १३ | श्री सुनिता गिरी | अ.हे.व. | चौथो | हेकुली स्वास्थ्य चौकी |
| १४ | श्री रचना बस्नेत | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १५ | श्री जानकी थापा | ल्याव असिष्टेन्ट | चौथो | गोल्टाकुरी स्वास्थ्य चौकी |
| १६ | श्री बिष्णु के.सी. | अ.हे.व. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १७ | श्री बिमला न्यौपाने | अ.न.मी. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १८ | श्री सञ्चय धिताल | अ.हे.व. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १९ | श्री भावना खड्का | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बुटनिया |
| २० | श्री रेनुका चौधरी | अ.न.मी. | चौथो | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |
| २१ | श्री पूर्ण चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| २२ | श्री तारा सुनार | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ५ को कार्यालय |
| २३ | श्री राजेश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ३ को कार्यालय |
| २४ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. १ को कार्यालय |
| २५ | श्री रमा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ४ को कार्यालय |
| २६ | श्री रेशम चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ७ को कार्यालय |
| २७ | श्री पूर्णबहादुर थारू | कार्यालय सहयोगी | श्रेणीविहिन | कृषि तथा पशु सेवा शाखा |
| २८ | श्री हिरा खत्री | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. २ को कार्यालय |
| २९ | श्री माया कुमारी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गोल्टाकुरी स्वास्थ्य चौकी |
| ३० | श्री उषा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | हेकुली स्वास्थ्य चौकी |
| ३१ | श्री सिता विष्ट | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३२ | श्री जानकी हमाल | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३३ | श्री बासुदेव चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३४ | श्री जानकी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र नन्द्रागाउँ |
| ३५ | श्री चन्द्रप्रकाश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ३६ | श्री रेशमबहादुर चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, श्रीगाउँ |

गाउँ कार्यपालिकाको
बैठक संख्या: १/२०८२/०८३
मिति २०८२/०४/१४ को

| | | | | |
|---|---|---|---|---|
| ३७ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, रामपुर |
| ३८ | श्री टिकाराम चौधरी | ट्याक्टर चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ३९ | श्री बिनोद चौधरी | हलुका सवारी चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४० | श्री राजेन्द्र कोसम्या | स्वीपर | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४१ | श्री रूपन्या चौधरी | सरसफाइकर्मी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४२ | श्री सलिना भण्डारी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |
| ४३ | श्री कल्पना चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, प्रसडुवा |

- यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत अमिन श्री बिनिता गिरीले स्वेच्छाले राजिनामा दिई स्वीकृत समेत भएको हुँदा यस कार्यालयमा अमिन पद रिक्त रहेकोले कार्यपालिकाको मिति २०८१/०१/१६ को निर्णयानुसार यस कार्यालयमा ज्यालादारीमा सर्वेक्षक पदमा कार्यरत श्री दिपेन्द्र शाहलाई २०८२ साल श्रावण १ गतेदेखि लागु हुने गरी तीन महिनाको लागि करार सेवामा कामकाजमा लगाई प्रचलित तलब स्केल बमोजिमको पारिश्रमिक सुविधा उपलब्ध गराउने।
- दंगीशरण आधारभूत अस्पतालमा मिति २०८१ आश्विन १ गतेदेखि स्वयंसेवकको रूपमा कार्यरत श्री प्रमिता थापाले उक्त अस्पतालमा रिक्त रहेको सरसफाईकर्मी पदमा काम गर्न मञ्जुर रहेकोले नियुक्त गरी पाउँ भनि निवेदन पेश गरेको हुँदा निजलाई रिक्त सरसफाईकर्मी पदमा करार सेवामा नियुक्त गरी करार सेवाका कार्यालय सहयोगीले पाएको पारिश्रमिक सुविधा उपलब्ध गराउने।

**निर्णय:** माथि व्यहोरामा उल्लेख भएबमोजिम करार सेवाका कर्मचारीहरूको करार अवधि थप गरी करार सेवा सम्झौता गर्ने।

**प्रस्ताव नं. २**
दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२ अनुमोदन सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउनको लागि प्रतिक चिन्ह निर्माण सम्बन्धी मापदण्ड तयार गरी जारी गर्न आवश्यक भएकोले।

**हुनु पर्ने निर्णय:** दंगीशरण गाउँपालिकाको आफ्नै प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ (२) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२ जारी गरी मापदण्ड बमोजिम प्रतिक चिन्ह निर्माण गरी पेश गर्न स्वीकृति दिने।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ३**
दंगीशरण गाउँपालिकाको सवारी साधन तथा इन्धन सुविधा वितरण कार्यविधि, २०८० मा पहिलो संशोधन सम्बन्धमा।

गाउँ कार्यपालिकाको
बैठक संख्या: १/२०८२/०८३
मिति २०८२/०४/१४ को

कर्ण बहादुर नेपाली

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीहरूलाई प्रदान गरिने सवारी साधना तथा इन्धन सुविधालाई अझ बढी पारदर्शी, न्यायिक, किफायती ढङ्गबाट वितरण गर्नको लागि विद्यमान दंगीशरण गाउँपालिकाको सवारी साधन तथा इन्धन सुविधा वितरण सम्बन्धी कार्यविधी, २०८० मा समसामयिक संशोधन गर्न आवश्यक देखिएकोले ।

**हुनु पर्ने निर्णय:** दंगीशरण गाउँपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीहरूलाई प्रदान गरिने सवारी साधना तथा इन्धन सुविधालाई अझ बढी पारदर्शी, न्यायिक, किफायती ढङ्गबांट वितरण गर्नको लागि विद्यमान दंगीशरण गाउँपालिकाको सवारी साधन तथा इन्धन सुविधा वितरणं सम्बन्धी कार्यविधी, २०८० मा देहायबमोजिम संशोधन गर्ने ।

**देहाय:**

**मूल कार्यविधिको दफा ७ मा संशोधन:** (१) मूल कार्यविधिको दफा ७ को उपदफा (१) पछाडि देहाय बमोजिम उपदफा थप गर्ने:

(१) क. यस उपदफा बमोजिम कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउँदा कार्यालयमा उपस्थित हाजिर र फिल्ड कार्यको आधारमा मासिक कार्यालय खुलेको दिनलाई आधार मानि दामासाहीको हिसाबले महिनामा एक पटक मात्र उपलब्ध गराइनेछ।

(१) ख. यस उपदफा बमोजिम कार्यालयमा उपस्थित दिन गणना गर्दा कार्यालयबाट दैनिक भ्रमणमा रहेको अवधिलाई गणना गरिने छैन ।

(२) मूल कार्यविधिको दफा ७ को उपदफा (२) पछाडि देहायबमोजिम उपदफा थप गर्ने:

(२) क. सवारी साधन प्रयोगको लगबुक कर्मचारीहरूको हाजिरी हेर्ने निकायबाट प्रमाणित गराउनु पर्नेछ ।

**३. मूल कार्यविधिको अनुसूची १ मा संशोधन:** मूल कार्यविधिको अनुसूचि-१ लाई देहायबमोजिम संशोधन गर्ने

**हाल कायम रहेको:**

अनुसूचि-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरूलाई प्रदान गरिने इन्धन सुविधा**

| क्र.सं. | पद | पेट्रोल | डिजल | मोविल |
|---|---|---|---|---|
| १ | अध्यक्ष | १२० लिटर | | ५ लिटर त्रैमासिक रूपमा |
| २ | उपाध्यक्ष | १२० लिटर | | ५ लिटर त्रैमासिक रूपमा |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | ९० लिटर | | ५ लिटर त्रैमासिक रूपमा |
| ४ | वडाध्यक्ष | २० लिटर | | सरकारी सवारी साधनको हकमा १ लिटर सर्भिसिङ्गको बेलामा |
| ५ | अधिकृतस्तर नवौं/दशौं | २० लिटर | | |
| ६ | अधिकृतस्तर छैटौं/सातौं/आठौं | १० लिटर | | |
| ७ | सहायकस्तर वा सोभन्दा मुनि | ७ लिटर | | |

गाउँ कार्यपालिकाको
बैठक संख्या: १/२०८२/०८३

**संशोधनपछि कायम हुने:**

| क्र.सं. | पद | पेट्रोल | डिजल | मोविल |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ९० लिटर | | ५ लिटर त्रैमासिक रूपमा |
| २ | अधिकृतस्तर नवौं/दशौं | २० लिटर | | सरकारी सवारी साधनको हकमा १ लिटर सर्भिसिङ्गको बेलामा |
| ३ | अधिकृतस्तर सातौं/आठौं | १५ लिटर | | |
| ४ | अधिकृतस्तर छैठौं | १२ लिटर | | |
| ५ | सहायकस्तर वा सोभन्दा मुनि | १० लिटर | | |

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ४**

गुनासो व्यवस्थापन इकाई गठन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त परिचय**: गाउँ कार्यपालिकाको कार्यालयमा आउने सेवाग्राही नागरिकहरूका पीर, मर्का तथा गुनासाहरूको सुनुवाई गरी तत्काल समाधान गरी सेवालाई जनउत्तरदायी बनाउन गुनासो व्यवस्थापन इकाई गठन गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णय**: गाउँ कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने सेवाग्राही नागरिकहरूका पीर, मर्का तथा गुनासाहरूको सुनुवाई गरी तत्काल समाधान गर्ने गरी देहायबमोजिमको गुनासो व्यवस्थापन इकाई गठन गर्ने ।

तपसिल

१. श्री कर्ण बहादुर नेपाली (प्रमुख प्रशासकीय अधिकृत) -संयोजक
२. श्री विनोद अधिकारी (वरिष्ठ शिक्षा अधिकृत) - सदस्य
३. श्री सुदिप डाँगी (प्रशासकीय अधिकृत) -सदस्य सचिव

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ५**

दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि अनुमति सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको कृषि व्यवसाय, पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक विकास गर्ने उद्देश्यका साथ दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि अनुमति प्रदान गर्नुपर्ने भएकोले ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

गाउँ कार्यपालिकाको
बैठक संख्या: ९।२०८२।०८३
मिति २०८२।०४।१४को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको कृषि व्यवसाय, पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक विकास गर्ने उद्देश्यका साथ दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि प्रस्तावहरू पेश हुन आएको हुँदा उक्त फर्महरूको प्रस्तावना, अनुभव तथा क्षमताको अध्ययन गर्दा श्री फ्रेण्डस स्केट जोन प्रा.लि. घोराही उ.म.न.पा. -१०, नारायणपुर, दाङबाट प्राप्त प्रस्ताव सबैभन्दा प्रभावकारी देखिएकोले उक्त फर्मलाई मिति २०८२ साल आश्विन २ गतेदेखि १३ गतेसम्म दोश्रो दंगीशरण कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि अनुमति प्रदान गर्ने। उक्त महोत्सव सञ्चालन अनुमति बापत एकमुष्ठ रू. २,५०,०००/- (दुई लाख पचास हजार), प्रदेश कानून बमोजिम लाग्ने मनोरञ्जन कर तथा प्रवेश टिकट बिक्रीको ५ प्रतिशतले हुने रकम पर्यटन शुल्क बापत लिने।

तपसिल

| क्र.सं. | प्रस्तावक फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | फ्रेण्डस स्केट जोन प्रा.लि. | घोराही उ.म.न.पा.-१० नारायणपुर, दाङ | |
| २ | श्री कुमारी सुइकोट देवी भगवती कृषि फर्म | तुलसीपुर उ.म.न.पा.-१ दमारगाउँ, दाङ | |
| ३ | श्री ॐ यम कन्सट्रक्सन प्रा.लि. | तुलसीपुर उ.म.न.पा.-३ हरेवास, दाङ | |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ६**
ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. २ अन्तर्गत कलम खोलामा पक्की पुल निर्माणका लागि बाबुल/ केशव शाह/ श्रीकृष्ण जे.भि. बीच सम्झौता भएको ठेक्का नं. DRM/NCB/2077/078-13 को निर्माण कार्य सम्पन्न हुन बाँकी भएको हुँदा म्याद थप गर्न आवश्यक भएकोले।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. २ अन्तर्गत कलम खोलामा पक्की पुल निर्माणका लागि गाउँ कार्यपालिकाको कार्यालय बाबुल/ केशव शाह/ श्रीकृष्ण जे.भि. बीच सम्झौता भएको ठेक्का नं. DRM/NCB/2077/078-13 को दक्ष कामदारको अभाव, न्यून बजेट तथा बाँकी निर्माण कार्यको लागि बजेटको श्रोत सुनिश्चितता नभएको जस्ता कारणले समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा बाँकी निर्माण कार्यका लागि म्याद थप गर्न आवश्यक भएको भनि सम्बन्धित शाखाबाट सिफारिस भई आएको हुँदा आगामी २०८२ साल पौष मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने।
**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ७**
डिजिटल साक्षरता कक्षा सञ्चालनका लागि ज्यालादारीमा सहजकर्ता भर्ना सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** समुन्नति परियोजनासँगको साझेदारीमा यस गाउँपालिकाको वडा नं. ३ देखि ७ सम्मका विभिन्न महिला तथा कृषि समूहहरूमा डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालन भई सकेको अवस्थामा बाँकी रहेका वडा नं. १ र २ मा

दंगीशरण गाउँ कार्यपालिकाको

गाउँ कार्यपालिकाको
बैठक संख्याः १।२०८२।०८२
मिति २०८२।०८।१४ को

बहादुर नेपाली

रहेका महिला तथा कृषि समुहहरूमा गाउँपालिकाको आफ्नै प्रयासमा डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि सहजकर्ता भर्ना गर्न आवश्यक भएकोले।

**हुनु पर्ने निर्णयः** समुन्नति परियोजनासँगको साझेदारीमा यस गाउँपालिकाको वडा नं. ३ देखि ७ सम्मका विभिन्न महिला तथा कृषि समूहहरूमा डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालन भई सकेको र हाल समुन्नति परियोजना फेज आउट भएको अवस्थामा बाँकी रहेका वडा नं. १ र २ मा रहेका महिला तथा कृषि समुहहरूमा गाउँपालिकाको आफ्नै प्रयासमा डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि समुन्नति परियोजनाबाट तालिम प्राप्त एवं उक्त संस्थाको सिफारिसमा तपसिल बमोजिमका सहजकर्ताहरूबाट डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि अनुमति माग भएको हुँदा लागि करार सेवा शिर्षकबाट मासिक पारिश्रमिक रू. २०,०००/- (बीस हजार रूपैयाँ) भुक्तानी हुने गरी बढीमा तीन महिनाको लागि डिजिटल वित्तीय साक्षरता सहजकर्ता पदमा दैनिक ज्यालादारीमा नियुक्त गर्ने।

तपसिल

| क्र.सं. | नाम, थर | ठेगाना | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | श्री जानकी वली | दंगीशरण-६, राजपुर, दाङ | दंगीशरण गा.पा. वडा नं. २ |
| २ | श्री सरिता चौधरी | दंगीशरण-३, रावतगाउँ, दाङ | दंगीशरण गा.पा. वडा नं. १ |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ८**
जलचर संरक्षण समूह दर्ता सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. २ मा अवस्थित बाघेचिरा जलाशयमा जलचर संरक्षण समूह दर्ताको लागि आवेदन दर्ता भएकोले सो सम्बन्धमा निर्णय गर्न आवश्यक देखिएकोले।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. २ मा अवस्थित बाघेचिरा जलाशयलाई कार्यक्षेत्र बनाई बाघेचिरा जलचर संरक्षण समूह दर्ताका लागि समूहको विधान सहित आवेदन दर्ता भएको र सम्बन्धित शाखाको सिफारिस बमोजिम दंगीशरण गाउँपालिकाको जलचर संरक्षण तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ को दफा १५ को उपदफा (५) बमोजिम दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८२ मा व्यवस्था भएअनुसारको दस्तुर लिई दर्ता गर्न स्वीकृति प्रदान गर्ने।

**निर्णयः** दंगीशरण गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ अनुसार विधान संशोधन भएपछि दर्ता गर्ने।

प्रस्ताव नं. ९
विविध।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ०१/०८२/०८३
मिति २०८२/०४/१४ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत